राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२८ | २०८३ साउन २५ गते सोमवार | (Monday, 10 Aug | पृष्ठ ४ | मुल्य रु. ५




## हार्दिक स्वागत

मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित **टुटेश्वरनाथ महादेव मन्दिर**को दर्शन, पूजा-आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।



**हिरा गौतम**
सञ्चालक

GAUTAM HOTEL

**GAUTAM HOTEL**
BARDIBAS, MAHOTTARI

**GAUTAM HOTEL**
LALGADH, DHANUSHA



स्वादिष्ट खाना र उत्कृष्ट सेवा



स्वच्छ र आरामदायी कोठाहरू




सुरक्षित र पर्याप्त पार्किङ सुविधा

हस्पिटालिटी हाम्रो पहिचान, सेवा हाम्रो प्रतिबद्धता ।

www.gautamhotel.com.np

राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
द पब्लिक टुडे
The Public Today National Daily
राष्ट्रिय दैनिक
वर्ष १३ | अंक ३२८ | २०८३ साउन २५ गते सोमवार | (Monday, 10 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## ढल्केवर ट्रमा सेन्टर प्रकरण

# सडक तताउन राँके जुलुस, आज चक्काजाम

विजय कुमार सिंह

*ढल्केबर, साउन २५ गते ।*

आइतबार साँझ पर्दै थियो । ढल्केबरको आकाश अँध्यारिँदै थियो। तर सडकमा भने राँकाको उज्यालो थपिँदै थियो । हातमा बलिरहेको राँका बोकेर स्थानीय सडकमा निस्किएपछि ढल्केबरको माहोल एकाएक तातियो । नाराबाजीले चोक गुञ्जियो । उनीहरूको माग थियो- 'वर्षौंको संघर्षपछि ढल्केबरमा ल्याइएको ट्रमा सेन्टर खोस्न पाइँदैन ।'



धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने प्रयास भएको भन्दै स्थानीयले आइतबार साँझ राँके जुलुस निकालेका हुन्। ढल्केबरमै ट्रमा सेन्टर निर्माण हुनुपर्ने मागसहित जारी आन्दोलनमा स्थानीयको आक्रोश आईतबार राँकाको उज्यालोसँगै सडकमा पोखिएको छ ।

ढल्केबरको कृषिबजारबाट सुरु भएको राँके जुलुस चोकका विभिन्न भागको परिक्रमा गर्दै अघि बढेको थियो। जुलुसमा स्थानीयको बाक्लो उपस्थिति थियो । प्रदर्शनकारीले ट्रमा सेन्टर ढल्केबरमै निर्माण गर्नुपर्ने माग गर्दै सरकारविरुद्ध चर्को नाराबाजी गरेका थिए ।

प्रदर्शन सुरु भएपछि प्रहरीले सुरुवातमा हस्तक्षेपको प्रयास गरेको थियो । तर प्रदर्शनकारीको संख्या बाक्लिदै गएपछि प्रहरी निरीह बनेका थिए । सडकमा राँकाको उज्यालोसँगै सरकारविरुद्धको नाराबाजी पनि चर्किँदै गएको थियो ।

राँके जुलुसमा सहभागी स्थानीय प्रदर्शनकारीहरुले वर्षौंको पहल र संघर्षपछि ढल्केबरमा ल्याइएको ट्रमा सेन्टरको योजना राजनीतिक पहुँच र स्वार्थका आधारमा अन्यत्र सार्न खोजिएको आरोप लगाए । उनीहरूले ढल्केबरमा निर्माणका लागि प्रक्रिया अघि बढिसकेको योजनालाई कुनै पनि बहानामा सार्न नदिने चेतावनी दिएका छन् ।

आन्दोलनको पृष्ठभूमि भने गत मंगलबार प्रतिनिधिसभाको बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले दिएको अभिव्यक्तिसँग जोडिएको छ । मन्त्री मेहताले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने बताएपछि ढल्केबरवासी सशंकित भएका हुन् । 'एक प्रदेश, एक ट्रमा सेन्टर'को अवधारणा बोकेको सरकारकै मन्त्रीले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने अभिव्यक्ति दिएपछि ढल्केबरमा आक्रोश बढेको हो। ढल्केबरमा निर्माणका लागि अघि बढिसकेको योजना अन्यत्र सार्न खोजिएको भन्दै स्थानीय केही दिनदेखि आन्दोलनमा छन् ।

आन्दोलनमा प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका नेता-कार्यकर्ता, उद्योगी-व्यवसायी तथा नागरिक समाजको सहभागिता हुँदै आएको छ । यसअघि शनिबार भएको विरोध ऱ्यालीमा मेयरदेखि सांसदसम्म सडकमा उत्रिएका थिए । ढल्केबरको विकाससँग जोडिएको महत्वपूर्ण स्वास्थ्य पूर्वाधार अन्यत्र सार्ने प्रयास स्वीकार्य नहुने भन्दै उनीहरूले सरकारलाई निर्णय सच्याउन दबाब दिँदै आएका छन् । तर सरकारले यस विषयमा स्पष्ट धारणा नदिएपछि आन्दोलनको स्वरूप झन् कडा बन्दै गएको छ ।

ढल्केबरमा ट्रमा सेन्टर निर्माणका लागि प्रक्रिया भने धेरै अघि बढिसकेको स्थानीय जनप्रतिनिधिको दाबी छ । मिथिला नगरपालिका-७, साविक ढल्केबर गाविस वडा नं. २ 'क' को कित्ता नं. १६९ मा रहेको चार बिघा ऐलानी जग्गालाई आधार मानेर संघीय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा पहिलोपटक धनुषाको ढल्केबरमा ट्रमा सेन्टर निर्माण गर्ने शीर्षकमा रकम विनियोजन गरेको थियो ।

उक्त योजनाका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको र लालपूर्जासमेत बनिसकेको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए । उनका अनुसार ट्रमा सेन्टर शिलान्यासको संघारमा पुगिसकेको थियो । तर स्वास्थ्य मन्त्रीको पछिल्लो अभिव्यक्तिले योजना अन्योलमा परेको उनले बताए । 'शिलान्यासको संघारमा रहेको योजना अन्यत्र सार्ने संकेत आएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको हो,' मेयर महतोले भने ।

आन्दोलनरत स्थानीयले माग सम्बोधन नभए आन्दोलन थप सशक्त बनाउने बताएका छन् । उनीहरूले आवश्यकता परे सडक आन्दोलनलाई थप विस्तार गर्ने चेतावनीसमेत दिएका छन् ।

सडकबाट सुरु भएको ट्रमा सेन्टरको विवाद सदनसम्म पुगेको छ । स्थानीयको आक्रोश पनि दिनप्रतिदिन बढ्दै गएको छ । शान्तिपूर्ण विरोध ऱ्याली हुँदै राँके जुलुससम्म आइपुगेको आन्दोलनले सरकारमाथिको दबाब झन् बढाएको छ ।

पहिलो चरणको पूर्व निर्धारित संघर्षका कार्यक्रम अनुसार सोमबार(आज) आधाघण्टा राजमार्गमा चक्काजाम गर्ने कार्यक्रम रहेको ढल्केबर ट्रमा सेन्टर संरक्षण संघर्ष समितिका संयोजक समेत रहेका मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए ।

## ९६ प्रतिशत रोपाइँ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २४ गते ।*

हरेक वर्ष जस्तै यस वर्ष पनि किसानले रासायनिक मलको अभाव र अनेकौं सास्ती भोग्नुपरेको छ । सरकारले समयमै मल उपलब्ध गराउन नसक्दा रोपाइँको मुख्य समयमा किसानहरू रित्तो हात भौंतारिन बाध्य भए । तर, आवश्यक मलखाद नपाए पनि यतिबेला देशभरिको धान रोपाइँ करिब अन्तिम चरणमा पुगेको छ । कृषि विभागको २२ साउनसम्मको अवधिमा देशभरि करिब ९६ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्षको यही अवधिसम्मको तथ्यांक हेर्ने हो भने २०८२ साउन २५ सम्म जम्मा ९१.३१ प्रतिशत मात्र रोपाइँ हुन सकेको थियो । यस वर्ष भने धानखेती हुने क्षेत्रफलमध्ये ९५.५ प्रतिशतमा रोपाइँ सम्पन्न भइसकेको छ ।

देशभरि धान खेती हुने कुल १३ लाख ७० हजार ६२ हेक्टर क्षेत्रफलमध्ये हालसम्म १३ लाख ८ हजार ३८३ हेक्टर जमिनमा रोपाइँ सकिएको छ ।

प्रदेशगत रूपमा सुदूरपश्चिममा धान रोपाइँ हुने कुल १ लाख ५४ हजार १५० हेक्टर अर्थात् शतप्रतिशत (१०० प्रतिशत) क्षेत्रफलमै रोपाइँ पूर्णरूपमा सम्पन्न भइसकेको छ ।

यसैगरी, बागमती प्रदेशमा पनि ९७.८२ प्रतिशत रोपाइँ सम्पन्न भएको छ भने कर्णाली प्रदेशमा ९६.८२ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको छ ।

यस्तै गण्डकी प्रदेशमा ९५.५७ प्रतिशत र लुम्बिनी प्रदेशमा ९४.८३ प्रतिशत धान रोपाइँ सकिँदा कोशी प्रदेशमा भने अन्यको तुलनामा अलि कम अर्थात् ९३.६९ प्रतिशत

- बाँकी पृष्ठ ३ मा

## मधेश प्रदेशमा मन्त्रालय र निकाय पुनरावलोकन गर्दै सरकार

द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, साउन २४ गते ।*




मधेश प्रदेश सरकारले मन्त्रालयसहित मातहतका निकायको पुनरावलोकन तथा सुदृढीकरण थालेको छ। संगठन पुनर्संरचना, दरबन्दी कटौती, सार्वजनिक निकायको पुनरावलोकन, बजेट व्यवस्थापन, कर्मचारीको क्षमता विकास तथा वित्तीय अनुशासन कायम गर्न सरकारले गृहकार्य गरिरहेको छ। सरकारले मुख्यमन्त्रीसहित १२ वटा मन्त्रालयलाई घटाएर ९ वटा कायम गर्ने तथा विभिन्न निकायको पुनरावलोकन गर्ने काम अघि बढाएको छ।

त्यसअनुसार गाभिनेबाहेकका पाँचवटा मन्त्रालयको प्रशासनिक खर्च नियन्त्रण र उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्ने उद्देश्यले कम्तीमा १५ प्रतिशत दरबन्दी कटौती गर्ने नीति लिइएको छ।

यससँगै मातहतका निकाय तथा आयोगको पुनरावलोकन गरी गाभ्ने वा खारेज गर्ने कार्यका लागि कार्यदल बनाएर काम भइरहेको छ । गाभिनेबाहेकका मन्त्रालयको संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण पुनरावलोकनको प्रतिवेदन अर्थ मन्त्रालयले पेस गरेको छ।

त्यस क्रममा अर्थ मन्त्रालयले करिब ३२ प्रतिशत दरबन्दी कटौती गरेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए। उक्त ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनसम्बन्धी प्रतिवेदन केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकमा पेस भई निर्णयसमेत भएको उनले बताए।

ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनका लागि मन्त्रिपरिषद् बैठकबाट अर्थ मन्त्रालयसहित ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था,

- बाँकी पृष्ठ ३ मा

## सम्पादकिय............

# शिक्षक आन्दोलन : सरकार संवादबाटै निकास खोजोस्

शिक्षक र विद्यालय कर्मचारीका जायज मागप्रति सरकार संवेदनशील नहुँदा आन्दोलनको अवस्था सिर्जना हुनु दुःखद् हो । नेपाल शिक्षक महासंघले भदौमा आन्दोलन गर्ने तयारी गर्नु सरकारका लागि गम्भीर संकेत हो । विगतमा भएका सहमति कार्यान्वयन नभएको, सेवा-सुविधामा अस्पष्टता रहेको, ट्रेड युनियन अधिकार संकुचित गर्न खोजिएको तथा निजी विद्यालयका शिक्षकदेखि राहत, अस्थायी, करार र ज्यालादारी शिक्षकका समस्यासमेत सम्बोधन नभएको महासंघको गुनासोलाई सरकारले बेवास्ता गर्नुहुँदैन । बजेटमा घोषणा गरिएको प्रोत्साहन भत्ताको कार्यान्वयनबारे अन्योल, विगतमा घोषित स्थानीय भत्ता नपाउनु तथा नयाँ शिक्षकलाई तीन वर्षसम्म सरुवा हुन नदिने व्यवस्थाले शिक्षकमा राज्यप्रति अविश्वास बढाउनु स्वाभाविक हो। अदालतका फैसला र सरकारसँग भएका सहमति कार्यान्वयनमा समेत ढिलाइ हुनु सुशासनको दृष्टिले उचित होइन । तर आफ्ना माग जायज छन् भन्दै शिक्षकले विद्यालय बन्द गरी विद्यार्थीको पढाइ प्रभावित पार्नु पनि समस्याको समाधान होइन । शिक्षकको आन्दोलनको प्रत्यक्ष भार अन्ततः विद्यार्थी र अभिभावकमाथि पर्छ। त्यसैले अधिकारको मागसँगै विद्यार्थीको सिकाइ अधिकारप्रति पनि शिक्षक समुदाय जिम्मेवार हुनुपर्छ ।

सरकारले पनि आन्दोलनलाई मात्र दबाब वा असन्तुष्टिको रूपमा हेर्नुको सट्टा त्यसभित्र रहेका वास्तविक समस्यालाई सम्बोधन गर्नुपर्छ । वार्ता, तथ्य र सहमतिका आधारमा तत्काल मागहरूको प्राथमिकता निर्धारण गरी कार्यान्वयनको स्पष्ट समयसीमा सार्वजनिक गर्नुपर्छ ।

शिक्षक राष्ट्रको शैक्षिक भविष्य निर्माण गर्ने जनशक्ति हुन् । उनीहरूलाई असन्तुष्ट राखेर गुणस्तरीय शिक्षा सम्भव हुँदैन । त्यसैले सरकार र शिक्षक दुवैले टकराव होइन, संवाद र समाधानको बाटो रोज्नु आजको आवश्यकता हो । आन्दोलन हुन नदिने मुख्य जिम्मेवारी सरकारकै हो–र त्यसका लागि अब आश्वासन होइन, परिणाम देखिनुपर्छ ।

## राशिफल

- मेष - काममा जग बसाउने मौका छ ।
- वृष - समाजमा स्थापित बनाउनेछ ।
- मिथुन - काम प्रारम्भ गर्ने समय छ ।
- कर्कट - सजिलै हराउन सकिनेछ ।
- सिंह - उपहार प्राप्त हुने समय छ ।
- कन्या - भविष्यमा फाइदा दिलाउनेछ ।
- तुला - ध्यान पुर्याउनुहोला ।
- वृश्चिक - काममा बाधा पुग्नेछ ।
- धनु - बेवास्ता गर्दा दुःख पाइनेछ ।
- मकर - काम प्रारम्भ गर्ने समय छ ।
- कुम्भ - डरले सताउन सक्छ ।
- मिन - समय फलदायी रहनेछ ।

# सांसदहरूलाई बजेट दिनु विधायिकी अधिकारको गम्भीर विचलन : सर्वोच्च

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २४ गते ।*

सर्वोच्च अदालतले संघीय वा प्रदेश सांसदहरूलाई 'निर्वाचन क्षेत्र विकास कार्यक्रम'का नाममा बजेट परिचालन गर्न दिने अभ्यासलाई 'विधायिकी अधिकारको गम्भीर विचलन' भनी टिप्पणी गरेको छ ।

मधेश प्रदेश सरकारले दुई वर्षअघि प्रत्यक्ष र समानुपातिक सांसदहरूलाई बजेट परिचालन गर्न दिने भनी सञ्चालन गरेको कार्यक्रमबारे टिप्पणी गर्दै सर्वोच्च अदालतले त्यस्ता कार्यक्रम सञ्चालन गर्नु कानुन निर्माताहरूका लागि शोभनीय नहुने भनेको हो ।

२५ जेठ, २०८१ मा जनमत पार्टीका सतिश सिंहको नेतृत्वमा गठन भएको मधेश प्रदेश सरकारले प्रत्यक्षी निर्वाचित सांसदहरुलाई पाँच करोड र समानुपातिक सांसदहरुलाई डेढ करोड रुपैयाँका दरले निर्वाचन क्षेत्रको विकास गर्न योजना दिने भनी निर्णय गरेको थियो ।

उक्त निर्णय विरुद्ध कानूनका केही विद्यार्थीले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। त्यही निवेदनमाथिको सुनुवाइपछि सर्वोच्च अदालतले सांसदहरुले योजना छनौट र परिचालन गर्न पाउने गरी सञ्चालित हुने निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई शक्ति पृथकीकरणको सिद्धान्त विपरीत भनेको हो। सांसदहरुले बजेट अनुमोदन गर्न र कार्यकारिणको खर्चमाथि निगरानी गर्न पाउछन् । संवैधानिक रुपमा सुनिश्चित त्यो विशेषाधिकारले सांसदहरुलाई नै बजेट परिचालन र खर्च गर्न समेत अधिकार दिएको रुपमा बुझ्न नहुने सर्वोच्च अदालतको व्याख्या हो। न्यायाधीशहरु सपना प्रधान मल्ल र सुनिलकुमार पोखरेलको इजलासले १२ पुस २०८१ मा गरेको निर्णयको पूर्णपाठमा भनिएको छ, 'जुन काम गर्न संविधान र लोकतान्त्रिक अभ्यासले सांसदलाई परिकल्पना नै गरेको छैन, सोही कामका लागि सांसदको तजबिज रहने गरी बजेट विनियोजन गर्नु भनेको विधायिकी अधिकारको गम्भीर विचलन हो ।' संविधानमा परिकल्पना गरिएको निर्वाचन क्षेत्र विकास निर्माणको प्रशासनिक एकाइ नभई जनप्रतिनिधित्व सुनिश्चित गर्ने प्रयोजनका लागि निर्धारित क्षेत्रीय एकाइ रहेको भन्दै सर्वोच्च अदालतले त्यही एकाईलाई आधार मानेर सांसदहरुमार्फत बजेट परिचालन गर्न नसकिने निष्कर्ष निकालेको हो । सर्वोच्च अदालतले राजनीतिक प्रतिनिधित्वका लागि निर्वाचन क्षेत्रलाई एउटा एकाइको रुपमा मान्यता दिइएको भन्दै त्यसलाई विकास प्रशासनको आधार मानेर निर्वाचन क्षेत्र विकास कोष वा त्यस्तै नामका अरु कोषहरुको औचित्यमाथि प्रश्न उठाएको हो ।

सर्वोच्च अदालतले यस्तो कार्यक्रमहरु संवैधानिक, कानुनी र लोकतान्त्रिक मूल्य-मान्यताको कसीमा न्यायोचित मान्न नसकिने निष्कर्ष निकालेको हो । कानून निर्माण गर्ने र बजेट पारित गर्ने निकायका सदस्यहरु आफै योजनाको छनौटकर्ता र बजेट परिचालनकर्ता बन्न नसक्ने भन्दै सर्वोच्च अदालतले त्यसो हुन गएमा 'संवैधानिक नैतिकताको अवमूल्यनका साथै वित्तीय अनुशासन, निष्पक्षता र सुशासनको मर्ममाथि नै आघात पुग्ने' चेतावनी दिएको हो।

सर्वोच्च अदालतले हालै प्रकाशित गरेको निर्णयको पूर्णपाठमा भनेको छ, 'सांसदहरू विकास निर्माणका योजना छनोट गर्ने, आफैंलाई बजेट विनियोजन गर्ने र बजेट स्वयं खर्च गर्ने प्रक्रियामा प्रत्यक्ष संलग्न हुन्छन् भने, त्यसले शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको संवैधानिक सिद्धान्तलाई उल्लंघन गर्दछ ।'

नेपालको संविधानले शक्ति पृथकीकरण अनि नियन्त्रण र सन्तुलनलाई संविधानको अपरिवर्तनीय आधारभूति संरचनाको अभिन्न अंग मानेको भन्दै सर्वोच्च अदालतले त्यस्तोमा सांसदहरुले कार्यकारिणीको समानान्तर अभ्यास गर्न नहुनेमा जोड दिएको हो । नेपालको संविधानको धारा ५७ र २१४ ले स्थानीय वकासको अधिकार स्थानीय सरकारहरुलाई सुम्पिएको छ ।

त्यस्तो अवस्थामा सांसदहरुले निर्वाचन क्षेत्र विकासको नाममा बजेट परिचालन गर्नुलाई सर्वोच्च अदालतले 'वडा अध्यक्ष वा पालिका प्रमुखको भूमिकामा प्रवेश गरेको हुने भनी व्याख्या गरेको छ। सर्वोच्च अदालतले निर्णयमा भनेको छ, 'सांसदहरु वडा अध्यक्ष वा पालिका प्रमुखको भूमिकामा प्रवेश गरी 'समानान्तर सरकार'को अभ्यास गर्नु संघीयता र स्थानीय स्वायत्तताको सिद्धान्त विपरीत हुनजान्छ ।'

प्रतिनिधिसभा र प्रदेशसभामा प्रत्यक्ष र समानुपातिक विधिबाट छानिएका दुईथरी सांसदहरू छन्। प्रत्यक्ष निर्वाचित सांसदहरुलाई निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेट दिने, तर समानुपातिकलाई बञ्चित गर्ने कामले सीमान्तकृत समुदायबाट निर्वाचित हिस्सा नै अवसरबाट बञ्चित हुने भन्दै सर्वोच्च अदालतले दुवैथरी सांसदहरुका लागि यस्ता कार्यक्रम शोभनीय नहुने भनी टिप्पणी गरेको हो । दुई वर्षअघि मधेश प्रदेश सरकारले निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने प्रयास गरेपनि कार्यान्वयन हुन सकेन । सर्वोच्च अदालतले कार्यान्वयन नै नभएको योजनालाई रोक्नु त भनेन, तर आगामी दिनमा यस्ता कोष र कार्यक्रम सञ्चालन नगर्नू भनी आदेश जारी गरेको हो ।

## ग्यास लुकाएर बिक्री गर्ने डिलरमाथि...

सुरक्षाकर्मी परिचालन गरी बजारको अवस्था र ग्यास वितरण प्रणालीबारे जानकारी संकलन तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको प्रशासनले जनाएको छ ।

प्रशासनले ग्यास बिक्री गर्दा पहुँच र चिनजानका आधारमा प्राथमिकता दिने, सर्वसाधारण उपभोक्तालाई ग्यास नदिने, सिलिन्डर लुकाएर राख्ने वा कृत्रिम अभाव सिर्जना गर्ने कार्य कानूनविपरीत हुने स्पष्ट पारेको छ ।

यस्ता कार्यमा संलग्न डिपो, पसल तथा व्यवसायीमाथि प्रचलित कानूनअनुसार कडा कारवाही गरिने र लुकाएर राखिएका ग्यास सिलिन्डरसमेत जफत गरिने चेतावनी प्रशासनले दिएको छ ।

प्रशासनले ग्यास व्यवसायीलाई उद्योग तथा डिलरबाट प्राप्त सिलिन्डर पारदर्शी रूपमा बिक्री वितरण गर्न निर्देशन दिएको छ । बिक्री गर्दा अनिवार्य रूपमा बिल बिजक उपलब्ध गराउन तथा अभिलेख व्यवस्थित राख्नसमेत भनिएको छ ।

महोत्तरीमा पछिल्लो समय ग्यासको आपूर्ति र वितरणलाई लिएर उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्रशासनले यस्तो चेतावनी दिएको हो । जिल्ला प्रशासन कार्यालयले उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्न ग्यासको बिक्री वितरणमा पारदर्शिता कायम गर्नुपर्नेमा जोड दिएको छ । साथै, कानूनविपरीत कार्य गर्ने व्यवसायीमाथि निगरानी र कारवाहीलाई आगामी दिनमा थप प्रभावकारी बनाउने जनाएको छ ।

## ९६ प्रतिशत...

जमिनमा रोपाइँ भएको छ । देशकै प्रमुख अन्न भण्डारको रूपमा चिनिने मधेश प्रदेशको हकमा भने यस वर्ष रोपाइँमा उल्लेख्य र सकारात्मक सुधार आएको छ। सिँचाइको अभाव र मनसुनको ढिलाइका कारण गत वर्ष साउन २५ गतेसम्म मधेसमा जम्मा ७६.५४ प्रतिशत मात्र रोपाइँ हुन सकेको थियो । तर, यस वर्ष त्यहाँ ९४.६५ प्रतिशत अर्थात् ३ लाख ६४ हजार २९१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको छ ।

## प्रदेशमा विपक्षी नै नराखी...

र एमालेको संयुक्त सरकार थियो । पहिले आदरणीय नेता शेरबहादुर देउवा पार्टी सभापति हुँदै गर्दा उहाँ र एमालेका अध्यक्षबीचमा हस्ताक्षर भएर सरकार बन्दैगर्दा निश्चित समयपछि कांग्रेस भएको ठाउँमा एमाले र एमाले भएको ठाउँमा कांग्रेसले नेतृत्व गर्ने भन्ने सहमति भएको रहेछ । त्यही समझदारीअनुसार गर्ने भनेर हामीबीच छलफल भयो ।' उनले थपे, 'हामीलाई के प्रस्ताव गरियो भने सबै प्रदेशमा कांग्रेस, एमाले र नेकपा मिलाएर संयुक्त सरकार बनाउनुपर्छ भन्ने प्रस्ताव रह्यो। त्यो प्रस्ताव हामीले मानेनौं । प्रदेशमा अपोजिसन नै नराखी तीन पार्टी मिलेर सरकार बनाउने कुरा ठिक हुँदैन । यो पार्टी, संघीयता र लोकतन्त्रको लागि पनि ठिक छैन ।' उनले संघीय सरकार र प्रतिपक्ष भूमिकामा रहेको प्रदेश सरकारमा कसरी अघि बढ्ने भन्नेबारेमा समेत छलफल गर्नुपर्ने बताए ।

## लामो समयदेखि पुल...

निर्माण सेवा जनकपुरधामले रु २० करोड सम्झौता गरेको थियो । हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय जनकपुरधामका अनुसार पछिल्लो पटक २०८३ साउन ११ गतेमा सम्पन्न गर्ने गरी म्याद थप भएपनि हालसम्म करिब ५० प्रतिशत मात्र काम भएको छ ।

बजेट अभावका कारण पुल निर्माणमा ढिलाइ भएको आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले बताए । उनका अनुसार निर्माण व्यवसायीले काम गरिहेकाले केही महिनाका लागि पुनः म्याद थप गरेर तीव्रता दिने तयारी भइरहेको छ । पुल निर्माण नहुँदा विशेषगरी वर्षायाममा समस्या अझ गम्भीर बन्ने स्थानीय बताउँछन् । खोलामा पानीको बहाव बढेपछि आवतजावत गर्न कठिन हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने स्थानीयको अनुभव छ ।

## मधेश प्रदेशमा मन्त्रालय र निकाय...

कृषि तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले सैद्धान्तिक सहमति लिएका थिए । तर, अर्थ मन्त्रालयबाहेक अन्य मन्त्रालयको ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनको प्रक्रिया भने अझै जारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सूचना अधिकारी उपसचिव रोहित कोइरालाले जानकारी दिए ।

उनका अनुसार मधेश सरकारका निकायको पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले प्रदेश सरकारअन्तर्गत रहेका सार्वजनिक निकाय, समिति, बोर्ड, प्रतिष्ठान तथा अन्य संस्थागत संरचनाको समेत समग्र पुनरावलोकन गरिरहेको छ ।

समान प्रकृतिका काम गर्ने निकायबीचको दोहोरोपन पहिचान गरी आवश्यक निकायलाई सुदृढ गर्ने तथा आवश्यकता नरहेका वा समान प्रकृतिका निकायलाई एकीकरण, पुनर्संरचना वा खारेजी गर्न आधार तयार गर्ने सरकारको उद्देश्य छ ।

मधेश सरकारका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीलाई ९ वटा मन्त्रालय कायम गर्न सिफारिस गरेको थियो । उक्त सिफारिसअनुसार सरकारले ९ वटा मात्र मन्त्रालय कायम गर्ने गृहकार्य गरिरहेको छ । अबको केही दिनमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको संख्या ९ कायम गर्ने तयारी सरकारको छ ।

# लामो समयदेखि पुल नबन्दा जोखिम बढ्दै



**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन २४ गते ।*

हुलाकी सडकअन्तर्गत जनकपुर-भिट्ठामोड जोड्ने सडकमा पर्ने महोत्तरीको महोत्तरी गाउँपालिका-१ पर्सास्थित निर्माणाधीन कुटमेश्वरी पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीय तथा यात्रु सास्तीपूर्ण रूपमा यात्रा गर्न बाध्य छन् । सडकको अधिकांश भाग निर्माण भइसक्दा पुल लामो समयदेखि अधुरै रहेको हो ।

यसले स्थानीयवासी, विद्यार्थी, किसान र यात्रुले दैनिक रूपमा सास्ती खेप्नुका साथै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले निर्माण गरिएको उक्त हुलाकी सडकको अधिकांश खण्डले पूर्णता पाइसकेको छ । तर, बिगही खोलाको पुल निर्माणमा ढिलाइ हुँदा आवागमन जोखिमपूर्ण बन्दै गएको स्थानीय बताउँछन् ।

पुल निर्माण अधुरै रहेकाले बालुवा र माटोले बनाइएको वैकल्पिक बाटो साँघुरो र जीर्ण बन्दै गएका स्थानीय सुरेश साहले बताए । उनका अनुसार सवारी साधनको अत्यधिक चापका कारण दैनिक रूपमा घण्टौसम्म जाम हुने र वैकल्पिक बाटोका लागि बनाइएको डाइभर्सन वर्षायाममा बगाउँदा बाटो झनै जोखिमपूर्ण बन्ने गरेको छ ।

कतिपय अवस्थामा यात्रुले लामो दूरी घुमेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ भने एम्बुलेन्स, विद्यालयका सवारीसाधन र अत्यावश्यक सेवासमेत प्रभावित हुने गरेको स्थानीय सञ्जीकुमार मिश्रले बताए । स्थानीयले पटकपटक सम्बन्धित निकाय र निर्माण कम्पनीको ध्यानाकर्षण गराएपनि कामले अपेक्षित गति लिन नसकेको उनको गुनासो छ । सडक सञ्चालनमा आएपछि पुल पनि छिट्टै तयार हुने अपेक्षा गरिए पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निराशा बढेको छ । उक्त पुल निर्माणका लागि विसं २०७९ फागुनमा रामजानकी

- बाँकी पृष्ठ ३ मा

# ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन २४ गते ।*

मधेस प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ ।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार उक्त अवधिमा विद्यालय भवन, सडक, नाला, कल्भर्ट, सामुदायिक भवनलगायत संरचना निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको हो ।

कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर सुधिर साहका अनुसार तीन जिल्लामा १२ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन् । तीमध्ये सर्लाहीमा सात तथा धनुषा र महोत्तरीमा एक/एक वटा विद्यालय भवन निर्माण भएका हुन् । त्यसैगरी, धनुषा, महोत्तरी र सर्लाहीमा एक/एक वटा सामुदायिक भवन निर्माण भएका छन् । महोत्तरीमा एउटा स्वास्थ्य भवन निर्माण सम्पन्न भएको छ भने महोत्तरीमा एउटा र सर्लाहीमा दुई वटा आपतकालीन आश्रयस्थल (इमर्जेन्सी सेल्टर) निर्माण गरिएको सूचना अधिकारी साहले जानकारी दिए । सडक पूर्वाधारतर्फ सबैभन्दा बढी प्रगति महोत्तरी जिल्लामा देखिएको छ । सडकको आधारभूत तह निर्माणतर्फ धनुषामा २३ हजार १८६ मिटर, महोत्तरीमा आठ हजार ७४७ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । त्यस्तै, धनुषामा तीन हजार ५९० मिटर, महोत्तरीमा आठ हजार ५८३ मिटर र सर्लाहीमा चार हजार २८ मिटर कालोपत्र सडक निर्माण भएको कार्यालयले जनाएको छ ।

सडक ढलानतर्फ धनुषामा ३३९ मिटर, महोत्तरीमा एक हजार ३४७ मिटर र सर्लाहीमा एक हजार ४११ मिटर निर्माण भएको छ । नाला निर्माणतर्फ धनुषामा पाँच हजार ३०५ मिटर, महोत्तरीमा एक हजार ५९० मिटर र सर्लाहीमा ४१० मिटर काम सम्पन्न भएको छ । 'कम्पाउन्ड वाल' निर्माणतर्फ धनुषामा १३४ मिटर, महोत्तरीमा १६६ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ । महोत्तरीमा १९६ मिटर इन्टरलक रोड ( ब्लक छापिएको बाटो) सम्पन्न भएको छ भने धनुषामा १५० मिटर पोखरीघाट निर्माण गरिएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जनाएको छ ।

धनुषा र सर्लाहीमा दुई/दुई वटा तथा महोत्तरीमा एउटा कल्भर्ट निर्माण भएका छन् । भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद सिंहले निरन्तर अनुगमन तथा समयमै बजेट कार्यान्वयन गरिएकाले अधिकांश कार्य निर्धारित समयमा सम्पन्न भएका बताउनुभयो । उहाँका अनुसार बाँकी काम पनि तोकिएको समयभित्र सम्पन्न गर्ने योजनाका साथ अघि बढाइएको छ ।

सडक, नाला, कल्भर्ट तथा सार्वजनिक भवन निर्माण समयमै सम्पन्न हुँदा आवागमन, शिक्षा, स्वास्थ्य तथा सामुदायिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको स्थानीयवासीले बताएका छन् ।

# प्रदेशमा विपक्षी नै नराखी सरकार बनाउनु ठिक हुँदैन : गगन थापा

**काठमाडौं** : नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सातवटै प्रदेशमा कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मिलेर संयुक्त सरकार बनाउने प्रस्ताव पार्टीले अस्वीकार गरेको बताएका छन् ।

आइतबार पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारबारे ब्रिफिङ गर्दै यस्तो बताएका हुन् । उनले तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्षबीच भएको समझदारीअनुसार निश्चित समयपछि कांग्रेस नेतृत्वमा रहेको प्रदेशमा एमाले र एमाले नेतृत्वमा रहेको प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गर्ने सहमति भएको र सोही सहमति कार्यान्वयन गर्न खोज्दा एमालेसँग कुरा नमिलेको बताए । उनले प्रदेशमा प्रतिपक्षविहीन सरकार बनाउने कुरा पार्टी, संघीयता र लोकतन्त्रका लागि उपयुक्त नभएको कारण कांग्रेसले अस्वीकार गरेको बताए ।

उनले भने, 'हामी प्रदेशमा सरकारमा छौं । केही ठाउँमा अहिले छैनौं । हामी नेकपा एमालेसँग एउटा सहमतिमा थियौं सात वटै प्रदेशमा । मधेश प्रदेशमा विशिष्ट अवस्था थियो । त्यहाँ नेकपा, कांग्रेस

- बाँकी पृष्ठ ३ मा

# ग्यास लुकाएर बिक्री गर्ने डिलरमाथि प्रशासनको कडा निगरानी

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन २४ गते ।*




महोत्तरीमा ग्यासको कृत्रिम अभाव सिर्जना गरी लुकाएर बिक्री गर्ने तथा पहुँचका आधारमा वितरण गर्ने व्यवसायीमाथि प्रशासनले कडा निगरानी र कारबाही गर्ने चेतावनी दिएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले आइतबार सूचना जारी गर्दै जिल्लाभित्र विभिन्न ब्रान्डका ग्यास सिलिन्डर बिक्री-वितरण गर्ने डिपो, पसल तथा व्यवसायीले कानूनविपरीतका गतिविधि गरिरहेको गुनासो प्राप्त भएको जनाएको छ ।

प्रशासनका अनुसार उद्योग तथा डिलरबाट ग्यास ल्याएर लुकाइछिपाई आफू निकटका व्यक्ति, होटल, व्यवसायी तथा ग्राहकलाई मात्र बिक्री गर्ने, नियमित ग्राहकको माग बेवास्ता गर्ने, बिक्री बिल नदिने तथा बिल-बिजक नराख्ने जस्ता गतिविधिबारे गुनासो आएको छ । त्यसैगरी, ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले सिलिन्डर भण्डारण गरी लुकाएर राख्ने तथा दर्ता र अनुमति नभएका विक्रेतालाई समेत डिस्ट्रीब्युटरले ग्यास उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ ।

यस्ता गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयसहित अधिकारप्राप्त अन्य निकायले ग्यास डिपो, पसल, फर्म तथा कम्पनीको नियमित अनुगमन गरिरहेको प्रशासनले जनाएको छ ।

ग्यासको बिक्री वितरणमा हुने अनियमितता नियन्त्रण गर्न प्रशासनले सूक्ष्म निगरानीसमेत बढाएको छ ।

त्यसका लागि सादा पोशाकमा

- बाँकी पृष्ठ ३ मा

## खानेपानी तथा उपभोक्ता संस्थाको जरुरी सूचना

बर्दिबास-८, हाथिलेट

**उपस्थित भई दिने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यही मिति २०८३/०४/२५ गते यस बर्दिबास-८, हाथिलेट खानेपानीको लागि संघिय योजनाबाट विनियोजित बजेट कार्यान्वयन सम्बन्धि आम उपभोक्ता सहितको बृहत्त छलफल गर्नु पर्ने भएको हुँदा बर्दिवास नगरपालिका-८ का सम्पूर्ण जनसमुदायमा तपसिल बमोजिमको समय, स्थान र मितिमा गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

**तपसिल**

**मिति :** २०८३/०४/२५ गते
**समय :** ११:०० बजे
**स्थान :** बेङखाडी बजार

भवदीय
**बेद ब.मसराङ्गी**
अध्यक्ष

## बर्दिबास उद्योग वाणिज्य संघ

बर्दिवास, महोत्तरी

**नविकरणमा विशेष छुट सम्वन्धी सूचना**

बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८३/०४/२१ गतेको कार्यसमितिको निर्णय अनुसार व्यवसायीज्यूहरुले आ.व. २०८२/०८३ भन्दा अघी जतीवटा आर्थिक वर्षको नवीकरण नगरेको भएता पनि मिति : २०८३ असोज मसान्तसम्म नविकरण गर्दा विशेष छुटको व्यवस्थाको निर्णय गरी दुई आर्थिक वर्षको मात्र नविकरण शुल्क बुझाई आफ्नो व्यवसायको नवीकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

भवदीय
**केदार गौतम**
महासचिव

## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाईन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक संजालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निमाण गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री